0आज मिति २०८१ साल असोज १४ गते सोमबारका दिन विहान ८ :०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री ईश्वर बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११ | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| १२ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १५ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँपालिकाको आ208.व.१/०८२ को चौथो कार्यपालिका बैठकको कार्यसूची

मिति : २०८१/०६/१४ समय : विहान ८ 00:बजे

बैठकका प्रस्ताव-:

१. सडक बत्तिको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।

२. सरस्वती आ.वि. को जिर्ण भवन सम्बन्धमा ।

३. उ.स. को जनश्रमदान निर्धारण सम्बन्धमा ।

४. गेरुवा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली निर्माण सम्बन्धमा ।

५. स्तनपान कक्ष निर्माण सम्बन्धमा ।

६. राहत रकम सम्बन्धमा ।

७. खोप कार्यक्रम सम्बन्धमा ।

८. विद्यालय भवन मर्मत सम्भार सम्बन्धमा ।

९. घर नक्सा अभिलेखीकरण सम्बन्धमा ।

१०. बहुबर्षिय योजना सम्बन्धमा ।

(बनकट्टी देखी लोहारपुर सडक कालोपत्रे योजान र वडा नं. ६ मैलानालामा विजय पुनको घर नजिक र राजापुर न.पा. जोड्ने पुल निर्माण)

११. नि : शुल्क शिक्षा कार्यक्रम कार्यान्वय कार्यविधी, २०८० संशोधन सम्बन्धमा ।

१२. हाते टर्च खरिद सम्बन्धमा ।

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं१ :**

| |
|---|
| **प्रस्तावको विषय** : सडक बत्तिको विद्युत महशुल भुक्तानी सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय** :यस गाउँपालिकाको सडक बत्तिको वील बमोजिमको रकम भुक्तानी गर्ने । |
| **भएको निर्णय** : यस गाउँपालिका भित्रका ६ वटै वडाहरुमा विभिन्न समयमा जडान गरिएका सडक बत्तिको भुक्तानी गर्न बक्यौता रहेको जरिवाना बाहेकको रु. ६९०८९४।- (अक्षरेपी : छलाख नब्बेहजार आठसय चौरानब्बे मात्र) रकमको वील नेपाल विद्युत प्राधिकरणको राजापुर वितरण केन्द्र बाट भुक्तानीको लागी प्राप्त भएको उक्त रकम नियमानुसार भुक्तानी गर्न गाउँ कार्यपालिका कार्यालय लाई सहमति दिने निर्णय गरियो । |

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय** : सरस्वती आ.वि. को जिर्ण भवन सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** सरस्वती आ.वि. बनकट्टीको पुरानो जिर्ण भवनको प्रयोग गर्न नमिल्ने देखिएकोले विद्यालय लाई भत्काउन अनुमति दिने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिका वडा नं. ३ बनकट्टी स्थित पुरानो जिर्ण विद्यालय भवनको सम्बन्धमा कोहलपुर बाँके स्थित सिभिल ल्याव बाट प्राप्त ल्याव रिपोर्ट अनुसार उक्त भवन धेरै पुरानो र जिर्ण भई प्रयोग गर्न नमिल्ने रिपोर्ट प्राप्त भएकोले विद्यालय व्यवस्थापन समिति, राजनैतिक दलका प्रतिनिधीहरु र सम्बन्धित सरोकारवाला उपभोक्ताहरुको भेला बाट उक्त जिर्ण भवनका सरकारी कामलाग्ने सम्पतिको दुरुपयोग नहुने गरी नियमानुसार भवन भत्काउने तर्फ विद्यालय व्यवस्थापन समिति लाई जिम्मेवारी दिने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/६/१४ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :३**

**प्रस्तावको विषय** : उपभोक्ता समितिको जनश्रमदान सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन :

**निर्णय हुनु पर्ने विषय :** यस गाउँपालिकामा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा जनश्रमदानको अंश निर्धारण गर्ने ।

**भएको निर्णय** : चालु आ.व. २०८१/०८२ मा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको लागत अनुमान तयार गर्दा तपशिल बमोजिमका योजना तथा निर्माण कार्यहरुमा तपशिल बमोजिम श्रमदानको अंश निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको प्रकृति | जनश्रमदानको अंश | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय भवन, अस्पताल भवन, स्वास्थ्य चौकी भवन, बर्थिङ्ग सेन्टर भवन, विद्यालय भवन, सामुहिक आवास भवन, पक्की गेट, कवर्ड हल, वीउ प्रशोधन घर, अन्य सामुदायिक भवन, मन्दिर, चर्च, शौचालय, ट्रस, टहरा, मचान, प्रतिक्षालय, चौतारी निर्माण, पक्की कूलो, पनफेकुवा, डुंड, सिचाई सम्बन्धि पक्की संरचना, ढुँङ्गाको पर्खाल, ईटाको पर्खाल, पक्की कल्भर्ट, पीच बाटो, पुल आदी र यस्तै प्रकृतिका पक्की सार्वजनिक संरचना निर्माणमा | ७ देखी ८ प्रतिशत | |
| २. | फलामे गेट, ह्युमपाईप खरिद र जडान कार्य, तारजालीको कार्य, फेन्सी तार, मेशवायर, खानेपानी सम्बन्धी कार्य, फलाम जन्य कार्य, इलेक्ट्रीकल सम्बन्धी कार्य, तटबन्ध सम्बन्धी कार्य आदी र यस्तै प्रकृतिका अन्य कार्यहरुमा | ४ देखी ५ प्रतिशत | |
| ३. | ग्राभेल बाटो, माटो पटानी, खेल मैदान निर्माण, कूलो, नाला, झरन सरसफाई र यस्तै प्रकृतिका अन्य कार्यमा | ११ देखी १२ प्रतिशत | |
| ४. | माथी उल्लेखित कार्य बाहेकका अन्य कार्यहरुमा आवश्यक मात्रामा जन श्रमदानको अंश निर्धारण गर्ने | | |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथरनर बहादुर चन्द :

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| मिति :२०८१/६/१४ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :४**

| |
|---|
| **प्रस्तावको विषय** : सार्वजनिक खरिद नियमावली सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली तयार गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकाको आफ्नो सार्वजनिक खरिद नियमावली नभएकोले सार्वजनिक निर्माण, बस्तु तथा सेवा खरिद जस्ता सार्वजनिक खरिद कार्य गर्दा विभिन्न समस्या उत्पन्न हुने भएकाले नेपाल सरकारले स्थानीय तहको लागी जारी गरेको नमूना सार्वजनिक खरिद नियमावली लाई आधार मानी यस गाउँपालिकाको सार्वजनिक खरिद प्रणाली लाई अझ व्यावहारिक, पारदर्शि, मितव्ययी र बस्तुनिष्ठ बनाउन लागी गेरुवा गाउँपालिकाको विधायन समिति संयोजकको संयोजकत्वमा सरोकारवाला शाखा प्रमुखहरु सदस्य रहेको समिति रहने गरी गेरुवा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली बनाउने निर्णय गरियो । |

**प्रस्ताव नं :५**

| |
|---|
| **प्रस्तावको विषय** : स्तनपान कक्ष निर्माण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** यस गाउँपालिका लाई लैङ्गिक मैत्री बनउन स्तनपान कक्ष निर्माण गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिका र अन्तर्गतका वडा तथा स्वास्थ्य चौकीहरुमा स्तनपान कक्षको अभावमा स्तनपाई सेवा प्रदायक र सेवाग्राही आमाहरु लाई असहज भएको तथा लैङ्गिक मैत्रीको दृष्टीले समेत अशोभनिय देखिने भएकोले र लैङ्गिक समानता मापनको सूचकमा समेत स्तनपान कक्षको व्यवस्थापन हुनु पर्ने औल्याएकोले यस गाउँपालिका र अन्तर्गतका वडा तथा स्वास्थ्य चौकीहरुमा स्तनपान कक्षको निर्माण गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (** <br><br> <u>प्रमाणिकरण गर्ने-:</u> |

| |
|---|
| नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/६/१४ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :६**

| |
|---|
| **प्रस्तावको विषय** : राहत रकम सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** आगलागी पिडित कुमारी शाही लाई राहत रकम वितरण गर्ने । |
| **भएको निर्णय** : यही मिति २०८०/६/१३ गते राती अन्दाजी ११:३० बजेको समयमा यस गेरुवा गाउँपालिका वडा नं. ६ सोनाफाँट बस्ने कुमारी शाहीको गोठमा आगलागी भई गोठमा राखेको अन्न बाली मकै, लत्ता कपडा, र गोठ जली पूर्ण रुपमा नष्ट भएकोले विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी निज लाई रु. १५०००।-(अक्षरेपी : पन्ध्र हजार मात्र) राहत सहयोग प्रदान गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :७**

| |
|---|
| **प्रस्तावको विषय** : खोप कार्यक्रम सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** खोप कार्यक्रमको समिक्षा गर्ने । |
| **भएको निर्णय** : यस गाउँपालिकामा संचालित खोप सुदृढीकरण, पूर्णखोप दिगोपना, खोप शुक्ष्म योजना निर्माण तथा सरसफाई प्रवर्द्धन समिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्दा सरोकारवालाहरु बाट प्राप्त सुझावहरु लाई आगामी दिनहरुमा आत्मसाथ गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |

| |
|---|
| मिति :२०८१/६/१४ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :८**

| |
|---|
| **प्रस्तावको विषय** : विद्यालय मर्मत सम्भार सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु** स्थानीय :सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** सरस्वती आ.वि. जोधिपुर विद्यालय मर्मत सम्भार गर्दा लागेको प्राविधिक इष्टीमेट बमोजिमको रकम भुक्तानी दिने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिका वडा नं. ४ जोधिपुर स्थित श्री सरस्वती आ.वि. को भवन मर्मत सम्भार गर्न लाग्ने जस्ता पाता र सिमेन्ट लगाएतका निर्माण सामग्री वापत लाग्ने खर्च रकम सहयोगी संस्था सोनाहा विकास समाज बाट भुक्तानी हुने तर उक्त संस्थाले सो विद्यालय मर्मत सम्भार गर्दा लाग्ने श्रमिकको ज्याला वापतको रकम नव्यहोर्ने भएकाले सो कार्यका लागी प्राविधिक इष्टीमेट बमोजिमको रकम यस गाउँपालिकाको **निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार** शिर्षक बाट भुक्तानी गर्न गाउँ कार्यपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो । |

**प्रस्ताव नं :९**

| |
|---|
| **प्रस्तावको विषय** : घर नक्सा अभिलेखीकरण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** घर निर्माणको मापदण्ड विपरित गत विगतमा बनेका घर तथा पक्की संरचनाहरु लाई जे जस्तो अवस्थामा बनेका छन् सोही अवस्थामा घर नक्सा अभिलेखिकरण गरी प्रमाण पत्र दिने । |
| **भएको निर्णय** : गाउँपालिका स्थापना हुनु पूर्व वा गाउँपालिकाले घर अभिलेखीकरण सम्बन्धी कार्य प्रतिवन्ध गर्नु पूर्व यस गाउँपालिका क्षेत्रमा बनेका निजी घर तथा संरचनाहरु नेपाल सरकारले जारी गरेको घर निर्माण सम्बन्धी मापदण्ड र सेडव्याक नछोडी बनेका घर तथा संरचनाहरुको केही वा पुरै भाग आवश्यक ठहरेको खण्डमा तोडफोड वा भत्काउन सकिने गरी हाल लाई जे जस्तो अवस्थामा बनेका छन् सोहि अवस्थामा घर नक्सा अभिलेखिकरण गरी घर नक्सा अभिलेखीकरण प्रमाण पत्र जारी गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णय (को**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथरनर बहादुर चन्द : |

| |
|---|
| कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/६/१४ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :१०**

| |
|---|
| **प्रस्तावको विषय** : बहुबर्षिय योजना सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** चालु आ.व. २०८१/०८२ को बर्षे अधिवेश बाट छनौट भएका चालु आ.व. मा सम्पन्न हुन नसक्ने योजनाहरु लाई बहुबर्षिय ठेक्का गर्ने । |
| **भएको निर्णय** : चालु आ.व. २०८१/०८२ को बर्षे अधिवेशन बाट छनौट भई यसै आ.व. मा सम्पन्न हुन नसक्ने र लागत रकम अधिक भएका तपसिलका योजना तथा कार्यक्रमहरु आगामी आ.व. मा श्रोत सुनिश्चिता गरी अपुग रकम व्यवस्थापन गर्ने गरी बहुबर्षिय योजनाको रुपमा संचालन गर्ने निर्णय गरियो ।<br>तपसिल<br>१. बनकट्टी देखी लोहारपुर - सरस्वती आ.वि. जोड्ने सडक कालोपत्रे (रेड बुक संकत नं. ६८५.२१.१.९)<br>२. मैलानाला विजय पुनको घर नजिक राजापुर न.पा. जोड्ने पुल निर्माण (रेड बुक संकेत नं. ६८५.२१.१.२२) |

**प्रस्ताव नं :११**

| |
|---|
| **प्रस्तावको विषय** : कार्यविधी संशोधन सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** यस गाउँपालिकाले जारी गरेको नि : शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८० संशोधन गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१/४/२३ मा बसेको बैठक बाट गाउँपालिकाले जारी गरेको नि : शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८० कार्यान्वयको क्रममा समस्या सृजना भई आवश्यक संशोधन गरिदिन हुन अनुरोध भई आएकोले उक्त कार्यविधीको तपशिलका दफा र अनुसूचीहरु संशोधन गर्ने निर्णय गरियो ।<br>तपशिल<br>परिच्छेद ५ को दफा १३ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) र<br>अनुसूची १ र अनुसूची २ |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(ज बमोजिम (निर्णयको**<br><br><u>प्रमाणिकरण गर्ने-:</u> |

नामथरनर बहादुर चन्द :
कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत
मिति :२०८१/६/१४

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/०६/१४ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :१२**

**प्रस्तावको विषय** : हाते टर्च खरिद सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन :

**निर्णय हुनु पर्ने विषय :** यस गाउँपालिकाको जंगली जनावरहरु बाट प्रभावित क्षेत्रमा वितरण गर्नको लागी हाते टर्च (LED Chargeable Torch) खरिद गर्ने ।

**भएको निर्णय** : गेरुवा गाउँपालिका बर्दिया राष्ट्रिय निकुञ्ज संग जोडिएको मध्येबर्ति क्षेत्र भित्र पर्ने भएकोले निकुञ्ज संग सिमाना संग जोडिएका बस्तिहरुमा रात्रीको समयमा जंगली जनावर आइ बालिनाली नोक्सान गर्ने, घरपालुवा जनावरहरु लाइ क्षेति पुर्याउने र बस्तीमा जंगली जनावर पसी मानवीय क्षेति समेत हुन सक्ने भएकाले निकुञ्ज संग जोडिएका बस्तीहरुमा रात्रीको समयमा पालोपहारा गर्न र बालीनाली तथा पशुधनको सुरक्षार्थ वितरण गर्नको लागी यस गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम तथा बजेट शिर्षक अन्तर्गत प्रकोप व्यवस्थापन कोष बाट आवश्यक रकम खर्च गर्ने गरी २५० थान (LED Chargeable Torch) हाते टर्च खरिद गर्ने निर्णय गरियो ।

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

प्रमाणिकरण गर्ने-:

नामथरनर बहादुर चन्द :
कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत
मिति :२०८१/६/१४